# स्थानीय राजपत्र

**गैडहवा गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः १ गैडहवा, बैशाख २१ गते, २०७५ साल संख्याः ३**


## भाग–१

## गैडहवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, रूपन्देही

## संवत् २०७५ सालको ऐन नं. ३
## ऐनको नाम : गैडहवा गाउँपालिकाको शिक्षा ऐन, २०७५

**प्रस्तावनाः** प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस स्थानीय तहको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षा विकाश गर्न वाञ्छनीय भएकोले, “नेपालको संविधान

२०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२" वमोजिम गैडहवा गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"स्थानीय शिक्षा ऐन, २०७४"** रहेको छ।

(२) यो ऐन गैडहवा गाउँपालिका भर लागू हुनेछ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"ऐन"** भन्नाले गैडहवा गाउँपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले गैडहवा गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) **"कोष"** भन्नाले परिच्छेद ९ को दफा ४४ बमोजीम विद्यालय संचालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ।

(घ) **"गाउँपालिका"** भन्नाले गैडहवा गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(ङ) **"गाउँ सभा"** भन्नाले गैडहवा गाउँ पालिकाको गाउँ सभालाई सम्झनुपर्छ।

(च) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(छ) **"बाल शिक्षा केन्द्र"** भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेसरी आदि सम्झनु पर्छ।

(ज) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(झ)**"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ञ) **"विद्यालय शिक्षा"** भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(ट) **"प्राविधिक तथा व्यावसायिक शिक्षा"** भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ठ) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ड) **"व्यवस्थापन समिति"** भन्नाले दफा १८ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ढ) **"शिक्षा अधिकृत"** भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ण) **"शिक्षा शाखा"** भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने विभाग/महाशाखा र शाखा वा ईकाईलाई सम्झनु पर्छ ।

(त) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(द) अभिभावक भन्नाले कक्षा १ देखि १२ सम्म अध्ययन गर्ने बालबालिकाका अभिभावक बाबू आमा, बाजे बजै, अभिभावक विहिन अनाथ बालबालिकाको स्थानीय निकायले प्रमाणित गरेको संरक्षकलाई सम्झनु पर्छ ।

(ध) संस्थागत बिद्यालय भन्नाले निजी लगानीमा गुठिमा दर्ता भएको बिद्यालय सम्झनु पर्छ ।

(न) शिक्षक भन्नाले बिद्यालयमा अध्यापन गर्ने सम्पूर्ण क्षिकहरुलाई सम्झनु पर्छ ।

(प) कर्मचारी भन्नाले शिक्षण संस्थामा काम गर्ने सम्पूर्ण कर्मचारीलाई जनाउछ ।

परिच्छेद-२

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमती, स्वीकृती, समायोजन तथा नियमन

४. **माध्यमिक शिक्षाको प्रकारः** माध्यमिक तहको शिक्षामा देहायका प्रकारका हुनेछन्ः-

(क) साधारण माध्यमिक शिक्षा वा मदरसा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

५. **शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः

(क) आधारभूत (कक्षा ५) सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ,

(घ) आधारभूत तहसम्म १०० पूर्णाङ्कको विषय भाषा माध्यम अवधी/भोजपुरी हुनेछ ।

६. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः** गाउँपालिकाले विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा,

निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था तोकिए बमोजिम गर्न सक्नेछ ।

**७. विद्यालयको वर्गीकरण:**

(क) सामुदायिक विद्यालय
(ख) संस्थागत विद्यालय
(ग) गुठी विद्यालय

**८. विद्यालय संचालन गर्न अनुमति लिनुपर्नेः**

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत विद्यालय खोल्न वा तह थप गर्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित गाउँपालिकामा अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पुरा भई विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा आधारभुत तहको हकमा शिक्षा समितिको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतले अनुमति दिनेछ र माध्यमिक तहको हकमा शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णय अनुसार प्रमुख प्रशासकिय अधिकृतल ले अनुमति दिनेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिकामा निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर १५ दिन भित्र आवश्यक जाँचबुझ गरी शिक्षा समितिमा राय सहित पेश गर्ने छ र माग बमोजिम विद्यालय सञ्चालन गर्न शिक्षा समितिको सिफारिस भएमा तोकिए बमोजिम प्रमुख प्रशासकिय अधिकृतले पुनः अनुमति तथा स्वीकृति दिन सक्नेछ ।

(५) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैनः-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(६) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्ट) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(७) माथि जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

(८) यस अघि दर्ता भएका विद्यालय सम्वन्धि व्यवस्था : (१) माथि जेसुकै उल्लेख भए पनि यस अघि नियमानुसार दर्ता र संचालनमा रहेका विद्यालयहरु यसै ऐन वमोजिम संचालन भएका मानिनेछन् । तर यस अघि संचालनमा भएका विद्यालयले तोकिए वमोजिमको ढाँचामा विवरण र कागजपत्र पेश गर्नु पर्नेछ ।

९. **धरौटी राख्नु पर्नेः** संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ :

(क) माध्यमिक विद्यालयको लागि पाँच लाख रूपैयाँ,

(ख) आधारभूत (६-८) विद्यालयको लागि दुई लाख पचास हजार रूपैयाँ,

(ग) आधारभूत (१-५) विद्यालयको लागि एक लाख पचास हजार रूपैयाँ

१०. **धरौटी रकम जम्मा गरिनेः** (१) विद्यालयले दफा ९ बमोजिमको धरौटी बापतको रकम गाउँपालिकाको लेखार्हेने कर्मचारी र विद्यालयको प्रतिनिधीको संयुक्त दस्तखतमा विद्यालयको नाममा मुद्दति खातामा धरौटी रकम जम्मा गर्नपर्नेछ ।

११. **सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयहरुले समेत पाठ्यक्रम, परिक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डर यसै ऐन वमोजिम पालना गर्नुपर्ने छ ।**

१२. **गाउँपालिकाले तोके बमोजिम विद्यालयमा वा छुट्टै समुदायमा बाल शिक्षा केन्द्रका साथै मन्टेश्वरी, नर्सरी, केजी कक्षा स्थापना र सञ्चालन गर्न सक्नेछ ।**

१३. **गाउँपालिका आफैंले वा कुनै व्यक्ति वा संस्थाले वाल गृह संचालन गर्न पाउनेछ । वाल गृह संचालनको लागि आवश्यक प्रकृया गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।**

१४. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने :** गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ ।

**१५. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :** एक शैक्षिक शत्र सुधार गर्न अवसर दिन सक्ने

(१) गाउँपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ ।

(२) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा स्वीकृतीका लागि पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले नाम परिवर्तनको स्वीकृती दिन सक्नेछ ।

४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्वेष झल्किने प्रकारको नाम राख्न पाइने छैन । तर माध्यमिक तहको हकमा कम्तिमा ५०,००,०००।- (पचास लाख रुपैया मात्र), आधारभूत तहको हकमा कम्तिमा ३०,००,०००। (तिस लाख रुपैया मात्र) जिन्सी, नगद वा जग्गा प्रदान गरी तोकिए बमोजिम विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन ।

## परिच्छेद-३
## शिक्षा सम्बन्धी संरचनागत व्यवस्था

**१६. गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँ कार्यपालिकाकाले गाउँपालिका सदस्यहरु मध्ये वाट तोकेको एकजना महिला समेत २ जना सदस्यहरु - सदस्य

(ग) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येवाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी गाउँ कार्यपालिकाले तोकेको एक जना - सदस्य

(घ) सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरुले आफुमध्येबाट छानी पठाएका प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी एकजना महिला सहित दुई जना - सदस्य

(ङ) संस्थागत विद्यालयहरुको प्रतिनिधीमूलक संस्था मध्येवाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी अध्यक्षले तोकेको प्रतिनिधी एक जना - सदस्य

(च) समाजसेवी, शिक्षा प्रेमी, वा चन्दादाताहरु मध्येबाट गाउँकार्यपालिकाबाट मनोनित कम्तीमा एकजना महिला र दलित सहित तिन जना - सदस्य

(छ) शिक्षक महासंघको/स्थानिय प्रतिनिधि - सदस्य

(ज) गाउँपालिकाको सामाजिक विकास समितिका संयोजक - सदस्य

(झ) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(ञ) शिक्षाशाखा प्रमुख - सदस्य सचिव

(२) समितिको बैंठक संचालन प्रक्रिया, बैठक भत्ता तथा सेवा सुविधा गाउँ कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) अनुसार नियुक्त सदस्यले पदीय आचरण पूरा नगरेमा गाउँ कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासीव माफिकको स्पष्टिकरणको मौकावाट वञ्चित गरिने छैन ।

(४) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ :

**१७.** (१) गाउँपालिकाका प्रत्येक वडामा वडाध्यक्षको संयोजकत्वमा देहाय वमोजिमको वडा शिक्षा समिति गठन हुनेछ ।

(क) वडा अध्यक्ष - अध्यक्ष

(ख) वडा समितिले छनौट गरि पठाएको १ जना महिला सहित वडा प्रतिनिधी २ जना - सदस्य

(ग) सामुदायिक र संस्थागत विद्यालयका प्रध्यानाध्यापकहरु मध्येवाट एक जना महिला सहित दुई जना - सदस्य

(घ) सामुदायिक र संस्थागत विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येवाट आफुहरु मध्येवाट छनौट गरि पठाएका एक जना महिला सहित दुई जना - सदस्य

(ङ) सम्बन्धित वडा रहेका चन्दादाता, समाजसेवी मध्येबाट गाउँ शिक्षा समितिका अध्यक्षले तोकेको १ जना - सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव - सदस्य सचिव

(२) दफा १७ को १ मा रहेका वडा शिक्षा समितिको पदेन सदस्य वाहेकको पदावधी तीन वर्षको हुनेछ ।

**१८. गाउँपालिका अन्तर्गतका शिक्षा सम्वन्धी कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न शिक्षा प्रमुखका रुपमा एक जना कर्मचारी रहने छन् । निज को काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।**

**१९. विद्यालय व्यवस्थापन समितिः**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख, व्यवस्थापन र अनुगमन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूले आफूहरू मध्येवाट छानेको एक जना पदाधिकार - अध्यक्ष

(ख) अभिभावकले आफूहरूमध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला सहित चारजना - सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाको वडा समितिका सदस्यहरू मध्येबाट वडा समितिले मनोनयन गरेको एकजना - सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालय लाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना - सदस्य

(ङ) विद्यालयका शिक्षक/कर्मचारीले आफूहरू मध्येबाट छानी पठाएको एकजना -सदस्य

(च) गाउँ शिक्षा समितिको अध्यक्षले विधालय रहेको वडाको स्थायी वासिन्दामध्ये, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरू वाट मनोनित एकजना - सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) सम्बन्धित वडाका वडा अध्यक्षलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा अनिवार्य रुपमा आमन्त्रण गर्नु पर्नेछ ।

(३) विद्यालय स्तरीय बालक्लवले मनोनयन गरेका एक जना बालक्लवका प्रतिनिधी आमन्त्रित सदस्यको रूपमा रहनेछन् ।

(४) प्राविधिक र व्यावसांयिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसँग गाउँस्तरका उद्योग तथा वाणिज्य महासंघका दुई जना प्रतिनिधी सदस्य रहनेछन् ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका बिद्याार्थीहरुको अभिभावकहरू सदस्य रहनेछन् ।

(६) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा कम्तिमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गरी पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन गाउँ शिक्षा समितिले गर्नेछ ।

(७) व्यवस्थापन समिति गठनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(९) विद्यालयलाई शान्ति क्षेत्र र वालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरु पुरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व हुनेछ ।

(१०) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछः ।

(११) विद्यालय व्यवस्थापन समितिले र गाउँ शिक्षा समितिले आफ्नो कार्यविधि आफैं बनाउन सक्ने छन।

(१२) गाउँ शिक्षा समितिले आवश्यक देखेमा गाउँ पालिकाको सहमतिमा एकभन्दा बढी विद्यालयहरुको संयुक्त विद्यालय व्यवस्थापन समिति गठन गरी व्यवस्थापन गर्न सक्ने छ ।

२०. **शिक्षक अविभावक संघः** सबै विद्यालयमा शिक्षक र अविभावकहरु रहेका एक शिक्षक अविभावक संघ रहनेछ । यस सम्बन्धी कार्यविधि गाउँ शिक्षा समितिले तय गरे बमोजिम हुनेछ ।

परिच्छेद-४

## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरवन्दी, सेवाशर्त र योग्यता

### २१. गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्नेः

(१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षक/कर्मचारीहरूको दरबन्दी निर्धारण गाउँपालिकाले गर्नेछ ।

(२) गाउँपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा राष्टिय वा प्रादेशीक मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका दरबन्दीमा नियुक्ति भएका शिक्षक/कर्मचारीको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राख्नु पर्नेछ ।

२२. **शिक्षक कर्मचारीको सेवा शर्त, योग्यता र सक्षमताः** शिक्षक कर्मचारीको सेवा शर्त, योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ ।

**२३. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) विद्यालयका शिक्षक तथा कर्मचारीले तोकिए बमोजिम पदीय आचरण पालना गर्नु पर्नेछ ।

(२) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँपालिकामा सिफारिस गर्नेछः-

(क) विना सूचना लगातार १५ दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा

(ख) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(घ) अनुमति बिना सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा,

(ङ) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा,

(३) उपदफा (१) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन/आवश्यक कारवाही गर्न सक्नेछ । तर कार्यरत पदवाट हटाउनु अघि मनासीव माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिने छ ।

परिच्छेद-५

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम

**२४.शिक्षकको नियुक्तिः**

(१) विद्यालयमा कायम भएको रिक्त दरवन्दी शिक्षक कर्मचारी पदमा करार नियुक्तिको व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - संयोजक

(ख) बिषयगत रोष्टर मध्येबाट छनौट समितिले गोला प्रथाबाट छानेको विषय विज्ञ दुईजना - सदस्य

(ग) गाउँपालिकाको शिक्षा अधिकृत वा निजले तोकेको अधिकृत - सदस्य

(घ) सम्बन्धीत वडा शिक्षा समिति संयोजक वा सदस्य - सदस्य

(ङ) संबन्धीत वडाको कार्यपालिका  सदस्य - सदस्य

(च) सम्बन्धीत विद्यालयको प्रधानाध्यापक - सचिव

(२) छनौट सम्बन्धी कार्यविधि गाउँ शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**२५. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक र संस्थागत विद्यालयमा एक प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) माध्यमिक तहमा प्रधानाध्यापक हुन स्नातकोत्तर उपाधि प्राप्त सम्वन्धीत तहको दरवन्दीमा स्थायी शिक्षक हुनु पर्नेछ । सो नभएमा माथिल्लो दरबन्दीमा कार्यरत स्नातकोत्तर योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

(ख) आधारभूत तहमा प्रधानाध्यापक हुन स्नातक उपाधि प्राप्त सम्वन्धित तहको स्थायी शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातक योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिका शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

(ग) प्रधानाध्यापकले नियुक्ति हुनु पूर्व पाँच बर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेस गर्नु पर्ने  छ ।

(घ) प्रधानाध्यापकको अवधि वि.व्य.स.को सिफारिसमा ५ बर्षको हुनेछ । निजको कार्यसम्पादनको आधारमा आगामी कार्यकालका लागी समेत वहाल रहन सक्नेछ ।

(ङ) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(च) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा गाउँ शिक्षा समितिले हटाउन सक्नेछ तर नीजलाई एक पटक स्पष्टिकरणको मौका दिइनेछ ।

**२६. शिक्षकको सरुवाः**

(१) गाउँपालिकाले स्थायी शिक्षक कर्मचारीको आवश्यकता अनुसार सरुवा गर्न सकिने छ ।

(२) न्यूनतम २ वर्ष एकै विद्यालयमा अध्यापन गरेका शिक्षक कर्मचारीलाई आवश्यकता अनूसार अर्को विद्यालयमा वडा शिक्षा समितिको सिफारीसमा गाउँ शिक्षा समितिले सरुवा गर्न सक्नेछ साथै निवेदन दिएका शिक्षकलाई वडा शिक्षा समितिको सिफारिस सहितको निवेदनका आधारमा गाउँ शिक्षा समितिले आफ्नो क्षेत्रभित्रका दरवन्दी उपलब्ध भएका र सम्वन्धित विद्यालय व्यवस्थापन समितिले सहमति प्रदान गरेको विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्थामा बाहेक शिक्षक कर्मचारीको सरुवा शैक्षिक सत्रको शुरु वा अन्त्यमा मात्र गरिनेछ । विशेष अवस्था भन्नाले निज सो विद्यालयमा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

**२७. दरवन्दी मिलानः**

(१) गाउँ शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरवन्दी मिलानका लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्न सक्ने छ ।

(२) यसका लागि शिक्षक कम भएका विद्यालय, विद्यालय नै नभएको क्षेत्र तथा पिछडिएका र ग्रामीण क्षेत्रलाई प्राथमिकता दिइने छ ।

**२८. शिक्षकको बढुवा सम्बन्धी व्यवस्थाः** हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको संघीय कानुन बमोजिम हुनेछ ।

**२९. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३०. कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः** शिक्षालाई प्रभावकारी वनाउन तोकिए वमोजिम कार्यसम्पादन करार सम्झौंता गर्नुपर्नेछ ।

परिच्छेद-६

**३१. सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।**

**३२. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण तोकिए बमोजिमको हुनेछ ।**

**३३. विद्यालयको सम्पत्तिः**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा

नआउने भएमा प्रचलित कानुनबमोजिम बेच-बिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका सर्वसन्चित कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ पालिकाको अनुमति लिनु पर्नेछ ।

**३४. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापनः**

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ । सो विद्यालय वन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानुन बमोजिम भोग चलन गर्न सक्ने छ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य, वि.व्य.स. गाउँपालिका र नेपाल सरकारको रहने छ ।

**३५. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :**

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्नेछ ।

(२) विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र गाउँ शिक्षा समितिमा माग गर्नुपर्नेछ ।

(३) गाउँ शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तकको प्रबन्ध गर्नेछ ।

(४) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ । यसको लागि पाठ्पुस्तक विद्यालय व्यवस्थापन समितिले निर्णय गरी लागु गर्न सक्ने छ ।

(६) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्य सामग्री, थप स्वअध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ ।

**३६. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालनः** विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप हरु बालक्लव, तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहु प्रतिभा मुखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

**३७. सञ्चालन भइरहेका संस्थागत विद्यालयले तह वा कक्षा थप गर्न तोकिए बमोजिम अनुमती वा स्वीकृती लिनु पर्नेछ ।**

**३८. संस्थागत विद्यालयको व्यवस्थापन समितिः**

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँपालिकाबाट मनोनित - अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना- सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनितगरेको एकजना - सदस्य;

(घ) सम्बन्धित क्षेत्रकोविद्यालय निरीक्षक - सदस्य;

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना - सदस्य;

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

**३९. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।**

परिच्छेद-७

## संस्थागत विद्यालयको मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमनसम्बन्धी व्यवस्था

शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४०. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्वन्धित वडा समिति र गाउँपालिका शिक्षा शाखा समक्ष बुझाउनु पर्ने छ ।

(२) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार, शर्त र प्रकृया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ र समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

**४१. शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्नेः** गाउँ शिक्षा समितिले संस्थागत विद्यालयका शिक्षकहरुको न्यूनतम पारिश्रमिक र न्यूनतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ । बिद्यालयको आय मध्ये ४० प्रतिशत शिक्षक कर्मचारीको तलब भत्तामा खर्च गर्ने र ६० प्रतिशत बिद्यालय ब्यबस्थापनमा खर्च गर्नु पर्ने छ ।

**४२. अनुगमन तथा मूल्याङ्कनः** सामुदायिक तथा संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका वा गाउँ शिक्षा समिति ले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु विद्यालयहरुको अनिवार्य दायित्व हुनेछ ।

**४३. अनुमति वा स्वीकृति रद्द गर्नेः** कुनै संस्थागत विद्यालयले कानुन र नियम विपरीत कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

परिच्छेद-८

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

**४४. गाउँपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा परीक्षा संचालन तथा समन्वयको लागि देहायको एक परीक्षा संचालन तथा समन्वय समिति रहनेछ ।**

(क) गाउँ शिक्षा समितिको संयोजक - अध्यक्ष
(ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य
(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधी - सदस्य
(घ) प्रमुख, सम्वन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय - सदस्य
(च) शिक्षा शाखा प्रमुख - सदस्य-सचिव

(१) परीक्षा संचालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) स्थानीय तहको क्षेत्रधिकार वाहिरको शैक्षिक तहको परीक्षा संचालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था वमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(३) कक्षा ५ र कक्षा ८ को परीक्षा संचालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम समितिले गर्नेछ ।

(४) उपदफा २ र ३ वाहेकको कक्षाहरुको परीक्षा विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्ने छ । तर शैक्षिक गुणस्तर कायम गर्न र तोकिए बमोजिका कक्षाहरुको बार्षिक परीक्षाको एकरुपताका लागि विद्यालयहरुको समुह बनाइ गाउँपालिका स्तर वा क्षेत्र विशेषको परीक्षा समिति गाउँपालिकामा सूचीकृत गरी परीक्षा संचालन गर्न सकिने छ ।

परिच्छेद-९

## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन

**४५. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः-

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

**४६. अनुदानको व्यवस्थाः**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सुत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) गाउँपालिकाले सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।
(३) गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ ।

**४७.बजेट तयार गर्नेः** प्रधानाध्यापकले प्रत्येक वर्षको वैशाख १५ भित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा समयमा पठाउनु पर्नेछ ।

**४८.लेखा व्यवस्थापनः**

(१) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको दोहोरो लेखाप्रणालीमा आधारित ढाँचामा आय व्यायको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।
(२) नियमित कारोबारको लेखा राख्न वेग्लै व्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ ।

**४९.सामुदायिक विद्यालयको खाता संचालनः**

(१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ ।
(२) विद्यालयको खाता संचालन माध्यमिक तहको प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारी सो नभएमा वि.व्य.स.ले तोकेको शिक्षकको र आधारभुत तहमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको दस्तखतबाट संचालन गर्नुपर्नेछ ।

**५०.लेखा परीक्षण तथा सामाजिक परीक्षण :**

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाउँ गाउँकार्यपालिकाले तोकेको रजिष्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।
(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा पेश गर्नुपर्नेछ ।
(३) प्रत्येक बर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आयव्यय, शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी

कार्ययोजना सामाजिक परीक्षण प्रतिवेदन मार्फत सार्वजनिक तथा अनुमोदन गराउनु पर्नेछ ।

(४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठ पोषण लिनु पर्नेछ ।

**५१.** छात्रवृतिको व्यवस्था गर्न सक्ने गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**५२. शुल्क सम्बन्धी व्यवस्थाः**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क/ वार्षिक शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिदा विद्यालयले उपलब्ध गराएको सुविधाहरुलाई आधार लिइने छ ।

(८) कुनै विद्यालयले यस ऐन विपरित विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ । यस ऐन विपरित शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

परिच्छेद-१०

## विविध

**५३. गाउँपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिने छ। यस्ता विद्यालयको सञ्चालनका लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ।**

**५४. गाउँपालिकाले निर्देशन दिन सक्ने:**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**५५. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन:**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ।

**५६. प्रगति विवरण बुझाउनु पर्ने :** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँ पालिका कार्यालयमा बुझाउनु पर्नेछ।

**५७. शिक्षक वा विद्यालयका कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउने:** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै

निजी विद्यालय संचालन गर्न, लगानी गर्न वा व्यवस्थापन सम्बन्धि कुनै कार्य गर्न पाउने छैन ।

**५८.**(१) नेपाल सरकारको अनुदान सहयोगबाट तलव भत्ता सेवा सूबिधा लिने शिक्षक कर्मचारी जनप्रतिनिधि सबैले आफना सन्ततीलाई आफूलाई पायक पर्ने सामूदायिक बिद्यालयमा अध्ययन गराउनु सामाजिक कर्तव्य हुनेछ ।

(२) सबै बिद्यालयमा कार्यरत शिक्षक कर्मचारी दण्ड पुरस्कारका साथै वृत्ति विकासका अवसर प्राप्त हुने तालिमको अबसर दिनु पर्ने ।

**५९.स्थानीय शिक्षा विकास कोष :**

१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पिडित, असक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना हुनेछ ।

२) कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछ :

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

३) शिक्षा विकास कोषको सञ्चालन तोकिए बमोजिम हुने छ ।

**६०. दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोके वमोजिम सजाय हुनेछः-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

(च) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(छ) कानून विपरीतको अन्य कार्य गरेमा ।

(ज) अनूमति बिना कक्षा संचालन गरेमा ।

(झ)गा.शि.स.ले तोकेको न्यूनतम सिकाई उपलब्धि पूरा नगर्ने बिद्यालय वा शिक्षकको सुबिधा कटौती हुने ।

(३) मुद्दाको प्रकृति हेरी सरकारी वा फौजदारी अभियोग लागेका विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम सजाय गरिनेछ ।

(क) विद्यालय हाता भित्र मादक पदार्थ सेवन गरी हुलहुज्जत गरेर शान्ति भंग गरेमा बिद्यालय प्रशासनले कारबाही गर्ने ।

**६१. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

**६२. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ पालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**६३. संक्रमणकालीन व्यवस्थाः**

(१) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा करार नियुक्तिका लागि विज्ञापनको अनुमति गाउँ कार्यपालिकाले दिन सक्नेछ ।

**६४. बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर यस्तो आदेश गाउँ सभाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

**६५. बचाउ र लागू नहुनेः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुनबमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधान, संघीय र प्रादेशिकसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

आज्ञाले

.................................

प्रमुख प्रशासकीय अधिकृत